लागु औषध नियन्त्रण व्यूरो
NarcoticsControlBureau
कोटेश्वर, काठमाडौ
मिति: २०७४।१२।१४ गते।

# प्रेस विज्ञप्ति- २११

# Press Release- 211

# लागु औषध अफिम र नियन्त्रित मनोद्विपक पदार्थ सहित २ जना मानिस पक्राउ

१) मिति २०७४/१२/१३ गते १७:०० बजेको समयमा लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला धादिङ गजुरी न.पा.वडा नं. ८ घर भई जिल्ला काठमाण्डौं, गुर्जधारा, बलम्बु डेरा गरी बस्ने बर्ष २९ को राम बहादुर तामाङलाई **लागु औषध अफिम १ किलो ४०० ग्राम** सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.न.वडा नं. १४ बल्खु स्थित सडक किनाराबाट पक्राउ गरिएको छ । निज राम बहादुर तामाङ विगत लामो समय देखि लागु औषध अफिमको अवैध कारोवारमा सक्रिय रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

२) त्यसै गरी व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०७४/१२/१२ गते १७:०० बजे बिशेष सूचनाको आधारमा जिल्ला उदयपुर त्रियुगा न.पा.वडा ७ ठेगाना भएका बर्ष १९ को पवन बिश्वकर्माको साथबाट नियन्त्रित मनोद्विपक लागु औषध Nitrazepam Tablets IP Nitravet अंकित **६८३ ट्याब्लेट** सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.न. वडा नं. ३२ कोटेश्वर महादेवस्थान स्थित सडक किनाराबाट पक्राउ गरिएको छ । निज पवन बिश्वकर्मा विगत लामो समय देखि नेपाल-भारत सीमाबाट नियन्त्रित लागु औषधको कारोवारमा सक्रिय रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

निजहरु उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com






नियन्त्रित मनोद्विपक लागु औषध Nitrazepam Tablets

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com